धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

शुभकामना !

बिजया दशमी २०८३ को पावन अवसरमा देश बिदेशमा रहनुहुने समस्त नेपालीहरु हाम्रा बिज्ञापन दाता, ग्राहक महानुभावहरु लगायत सम्पूर्ण शुभेच्छुकहरुमा शुख शान्ति सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

वर्ष २३, अङ्क ९७ ◆ २०८३ कात्तिक ६ शुक्रबार ◆ Friday, October 23, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## साता दिनपछि वर्षा हुन सक्छ, त्रसित हुन आवश्यक छैनः मौसमविद्

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । नेपाल मौसम विज्ञान विभागले आगामी मङ्गलबारदेखि मुलुकको केही भू-भागमा वर्षा हुनसक्ने सम्भावना रहे पनि त्रसित नहुन सबैसँग अनुरोध गरेको छ ।

मौसम पूर्वानुमान महाशाखा का मौसमविद् राजन महर्जन ले हाल सामाजिक सञ्जालमा फैलाइएको हल्लालाई लक्षित गर्दै केही भागमा वर्षा भए पनि आत्तिनुपर्ने अवस्था नरहेको स्पष्ट गर्नुभयो । "आगामी मङ्गलबारदेखि वर्षाको सम्भावना छ । तर, कुन स्थानमा कति र कहिलेसम्म वर्षा हुन सक्छ निश्चित छैन," उहाँले भन्नुभयो, "अहिले सामाजिक सञ्जालतिर साता दिनसम्म वर्षा हुने भनेर फैलाइएको खबरले विशेषगरी किसान त्रसित देखिन्छन् । मौसमी प्रणाली परिवर्तनशील छ, हल्लाको पछि नलाग्न र त्रसित नहुन सबैमा अनुरोध छ ।"

मौसमविद् महर्जनका अनुसार नेपालको सन्दर्भमा तीन दिनसम्म पूर्वानुमान धेरै हदसम्म मिल्ने तर साता दिनसम्मको मिल्दैन । "अब केही दिनपछि आगामी साता हुने वर्षाका बारेमा सूचना सम्प्रेषण गर्नेछौं ।

मौसम तथा वर्षाको विषयमा विभागको आधिकारिक सूचनालाई मात्रै विश्वास गर्नुहुन अनुरोध छ", उहाँले भन्नुभयो ।

## बाढीपहिरोले यसवर्षको दसैं उल्लासमय भएन

❑ प्रत्यूष समाचारदाता

चितवन । भोटेकोशी, त्रिशूली र बूढीगण्डकी नदीमा गएको बाढीले जनधनको अपूरणीय क्षति पुर्‍याएको र बाढीपहिरोका कारण प्रमुख राजमार्ग प्रभावित भएकाले विगतको तुलनामा यसवर्षको दसैं खल्लो भएको स्थानीयको भनाइ छ ।

भोटेकोशी बाढीमा परी आफन्त गुमाएका, त्रिशूली तथा नारायणी नदीको बाढीपछि उद्धारमा सक्रिय भएका तथा राहत वितरणमा खटिएका चितवनवासीको यो दसैंमा रमाउन नसकिएको तथा यस अघिको तुलनामा रौनक तथा उत्साह नआएको भनाइ छ ।

"बाढीका कारण ठूलो सङ्ख्यामा मानिस अहिले पनि बेपत्ता छन् । कतिपयको शव पहिचान भएको छ । भेटिएका शव डिएनए परीक्षणका लागि जमिनमुनि व्यवस्थापन गरिएको अवस्था छ । आफ्ना परिवारका सदस्यको निधन र बेपत्ता हुँदाको पीडा सही नसक्नु छ । विपद्सँगै दशा लागेको वर्षको यो दसैं मनाउनेभन्दा पनि सम्झन पनि सकिएको छैन", उनीहरूको भनाइ छ । भोटेकोशी बाढीले गोसाइँकुण्ड तीर्थ यात्रामा हिँड्नु भएका मामा विश्वनाथ पौडेलको अवस्था अज्ञात बनाएपछि स्थानीय कृष्णपुरका किशोर सापकोटालाई यस वर्षको दसैं खल्लो लाग्यो । "घरमा टीका भए पनि शायद मामाको सम्झनाले हर्षोल्लासका साथ उत्साहपूर्ण वातावरणमा दसैं मनाउन सकिएन । दसैं त आयो, हाम्रोमा आएन", उहाँले भन्नुभयो ।

भोटेकोशी बाढीमा बगाएकाको शव बोक्ने काममा लाग्नुभएका संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपालका केन्द्रीय अध्यक्ष नवराज लामिछाने नवरात्रिभर फलारी बसेर पूजापाठ गर्नु भए पनि दसैंको खुसी पाउन नसकेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "धार्मिक कर्म गरें, तर दसैंको उत्साह हामीलाई भएन । नदी किनारमा उद्धारमा खटिँदाको क्षण सम्झनामा आइरहँदा हर्षोल्लास का साथ दसैं मान्ने अवस्थै रहेन ।" भोटेकोशी बाढीपछि चितवनस्थित नारायणीमा सबैभन्दा बढी शव तैरिएको अवस्थामा एम्बुलेन्स चालकका रुपमा उद्धारमा खटिएका र दसैंको मुखमा खाद्यान्न अभाव भएका विपन्न परिवारसम्म राहत बाँडेको समाजसेवी लामिछानेले भन्नुभयो, "यस्तो विषम परिस्थिति मा यस वर्ष कुन खुसीले दसैं मनाइएन ।"

महाअष्टमीका दिनमासमेत खानाको अभाव भएको गुनासोसँगै भूमिहीन बस्तीमा आफ्नै गाडीमा खाद्यान्न बोकेर पुग्नुभएका समाजसेवी विनोद ढकालले जिल्लाको पहाडी चेपाङ बस्तीमा यसवर्ष पनि खाद्यान्न बाँड्नुभयो । उहाँले भन्नुभयो, "बाढीका कारण कैयौं मान्छे मरे, कति हराए, कतै गरिबीको चपेटा, यस्तो हालतमा खुसीसाथ कसरी दसैं मनाउनु, प्रतिकुल परिस्थितिका बीच यस वर्ष समाजसेवामा समर्पित भएर दसैं मनाइयो ।"

दसैंको टीकाको दिनमा उहाँले नेतृत्व गरिरहनुभएका चितवन मानव सेवा आश्रमका बुवाआमा र बालबालिकासँग टीका लगाएपछि परिवार र इष्टमित्रसँग टीका थापे पनि उत्साहपूर्ण नभएको उहाँले बताउनुभयो ।

भोटेकोशी बाढीले बगाएर यहाँ ल्याएका शव उद्धारमा खटिनुभएका जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेल विगतकोजस्तो चहलपहल यस वर्षको दसैंमा नभएको बताउनुहुन्छ ।

## चितवन प्रहरीद्वारा पहिलोपटक निःशुल्क बस सेवा सञ्चालन

चितवन । बडादसैंअन्तर्गत टीकाको दिन आमसर्वसाधारण जनताको हितलाई ध्यानमा राखी चितवन प्रहरीले पहिलोपटक भरतपुर क्षेत्रमा निःशुल्क बस सेवा सञ्चालन गरेको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनले टीकाको दिन सहज रुपमा सार्वजनिक सवारीसाधन नपाइने भएकाले नेपाल पुलिस स्कुल, शान्तिपुरका दुई वटा बस प्रयोग गरी ८४० जना यात्रुलाई निःशुल्क बस सेवा दिएको जनाएको छ ।

दुई वटा बसमध्ये एउटा पुल्चोकदेखि केन्द्रीय बस टर्मिनल हुँदै आँपटारी र पुनःपुल्चोक पुगेर तथा अर्को पुल्चोकबाट सुरु भई आँपटारी केन्द्रीय बस टर्मिनल हुँदै पुनःपुलचोकसम्म पुगी निःशुल्क सेवा प्रदान गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार टीकाको दिन बिहान ११:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म निःशुल्क बस सेवा प्रदान गरी सर्वसाधारण जनतालाई राहत दिन प्रयास गरिएको हो । टीका लगाउने समयमा अन्य सवारीसाधन कम चल्ने भएकाले यात्रुको आवतजावतमा केही हदसम्म सहयोग पुगेको बताउँदै उहाँले भन्नुभयो, "पहिलोपटक यहाँ प्रहरीको निःशुल्क बस सेवा सञ्चालन हुँदा यात्रुमा खुसी छाएको छ । नागरिक तहबाट सकारात्मक प्रतिक्रिया आइरहेका छन् । आगामी वर्षमा केही बस थपगरी भरतपुर महानगरको अझ ठूलो क्षेत्रलाई समेटेर दसैंको प्रमुख दिनमा निःशुल्क बस सेवा सञ्चालन गर्नुपर्ने आवश्यकता बोध भएको छ ।"

## थिमिमा प्रसिद्ध खाँः अर्थात कुभिण्डो जात्रा सम्पन्न

❑ प्रत्यूष समाचारदाता

भक्तपुर । मध्यपुरथिमिस्थित बालकुमारीमा मनाइने प्रसिद्ध कुभिण्डो जात्रा बिहीबार (हिजो) सम्पन्न भएको छ ।

नेवार भाषामा खाँः भनेर चिनिने सो जात्रा घटस्थापनाको दिन थिमिको लायकू दरबारस्थित तलेजु मन्दिरमा जमरा राखी सुरु भएको थियो ।

मध्यपुर थिमिस्थित बालकुमारीमा कुभिण्डो जात्रामा फूलपातीका दिन सिद्धिकाली मन्दिरबाट फूलपाती ल्याइ तलेजुस्थित दसैंघरमा भित्र्याएपछि नवमीका दिन राँगो र बोकाको टाउको बलि दिने परम्परा रहिआएको छ । नवमीका दिन कोतमा काटिएको राँगोको टाउको र दशमीको दिनदेखि पूजा गरेको कुभिण्डोलाई बाजागाजाका साथ विगुल फुक्दै लायकू दरबारबाट दिगुभैरव परिक्रमा गरी बालकुमारी ल्याइएको पमा नाइके श्यामकाजी पमा श्रेष्ठले बताउनुभयो ।

एकादशीका दिन बिहीबार तीन जना पमा (थकाली), बाजा बजाउने कुस्ले, कपाली, मुकुण्डो लगाएर तरवार बोक्ने र माला बोक्ने कुट्, विगुल फुक्ने, राजदण्ड समाउने नाइके, राजोपाध्यायसहित संलग्नतामा जात्रा मनाएको उहाँले बताउनुभयो । बाजागाजा सहित लायकुबाट ल्याइएको कुभिण्डोलाई बालकुमारी अगाडि कर्माचार्यले पूजा गरी थकाली पमा नाइके श्रेष्ठले कुभिण्डो काटेपछि त्यसलाई खोसेर लैजानेको भीड लागेको थियो ।



कुभिण्डोको टुक्रा टिपेर लानसक्नेको घरमा सुखशान्ति हुने र औषधिका रुपमा प्रयोग गर्न सकिने जनविश्वास परम्परादेखी नै रहिआएको छ ।

## म्याग्दीमा व्यावसायिक अलैंची खेतीको परीक्षण सफल

म्यादी । बेनी नगरपालिका-३ मुसुङगाउँमा परीक्षणका रुपमा लगाइएको अलैंचीखेती सफल भएको छ । परीक्षणका लागि तीन वर्षअघि गरिएको अलैंचीखेती सफल भएपछि व्यावसायिक रूपमा खेती विस्तार गर्न थालिएको हो ।

बेनी नगरपालिका-३ का वडाअध्यक्ष पदम पुनले चारखोलाको ओसेपिलो उत्तिसको जङ्गलभित्र लगाएको अलैंचीले राम्रो उत्पादन दिन थालेपछि अन्य किसानहरुले पनि विस्तार गर्न थालेका जानकारी दिनुभयो ।

अध्यक्ष पुनका अनुसार अनुकूल हावापानी, भूगोल, बजार र उचित मूल्य पाइने भएपछि बाँझिएको ओसिलो जमिनमा झाडी फाँडेर २० रोपनीभन्दा बढी क्षेत्रफल जमिनमा अलैंची लगाएको हो । यस ठाउँमा ५० वर्षअघि पहिरोले खेतीयोग्य जमिन मासिएपछि पछिल्लो समय झाडीमा परिणत भएको थियो ।

पूर्वी नेपालको कोशी प्रदेशको पहाडी जिल्लामा खेती हुँदै आएको अलैंचीलाई 'कालो सुन' भन्ने गरिन्छ । कृषि प्राविधिकका अनुसार समुद्री सतहबाट ८०० देखि एक हजार ८०० मिटर उचाइको ओसिलो ठाउँमा अलैंचीखेती राम्रो हुन्छ । वार्षिक दुई हजारदेखि दुई हजार ५०० मिलिलिटर वर्षा हुने ठाउँमा अलैंचीखेती उपयुक्त मानिन्छ ।

## धरानमा दसैंमा २६ करोड बढीको खसीबोका कारोबार

सुनसरी । बडादसैंलाई लक्षित गरी धरान उपमहानगरपालिका-१३ स्थित कृषिउपज बजारबाट यसवर्ष रु २६ करोड २५ लाख बराबरको खसीबोका कारोबार भएको छ ।

कोशी प्रदेशका पहाडी जिल्लाबाट किसान तथा व्यापारीले बिक्रीका लागि ल्याएका खसीबोकाको माग बढेपछि गत वर्षको तुलनामा यसवर्ष करिब १५ प्रतिशतले कारोबार वृद्धि भएको कृषिउपज बजारका व्यवस्थापक लक्ष्मण भट्टराईले बताउनुभयो ।

गत वर्ष २०८२ को दसैंमा कृषिउपज बजारबाट रु २३ करोड बराबरको खसीबोका कारोबार भएको थियो ।

दसैंमा मासुको खपत बढ्ने भएकाले धरानको खसीबोका बजारमा हरेक वर्ष कारोबार बढ्ने गरेको व्यवस्थापक भट्टराईले बताउनुभयो । कोशी प्रदेशका पहाडी जिल्ला तथा तराईका विभिन्न स्थानबाट खसीबोका खरिद बिक्रीका लागि व्यापारी तथा किसान यहाँ आउने गरेका छन् । धरान कृषिउपज बजारमा दैनिक उपभोग्य वस्तुका साथै खसीबोकाको किनबेच हुने गरेको छ । हप्तामा विशेषगरी बिहीबार र शुक्रबारका दिन खसीबोकाको बजार लाग्ने भएकाले उल्लेख्य सङ्ख्यामा व्यापारी तथा किसान यहाँ आउने गरेका छन् ।

धनकुटा जिल्ला, भोजपुर जिल्ला, सङ्खुवासभा जिल्ला, पाँचथर जिल्ला, तेह्रथुमलगायतका विभिन्न पहाडी जिल्ला तथा इटहरी, मोरङको कानेपोखरी, बेलबारीसहित तराई क्षेत्रबाट पनि किसान तथा व्यापारी खसीबोका खरिदबिक्रीका लागि यहाँ



आउने गरेको व्यवस्थापक भट्टराईले जानकारी दिनुभयो ।

धरानमा खरिद बिक्री हुने खसीबोका छिमेकी देश भारतसम्म निर्यात हुने गरेको बजार व्यवस्थापन समितिले जनाएको छ । कोशी प्रदेशकै व्यवस्थित खसीबजारका रूपमा रहेको धरान कृषिउपज बजारले पहाडी जिल्लाका किसानलाई बजार उपलब्ध गराउनुका साथै स्थानीय व्यापार र रोजगारीमासमेत योगदान पुर्‍याएको व्यवस्थापक भट्टराईले बताउनुभयो ।

सम्पादकीय ....

## सामाजिक सद्भाव बोकेको दशैं

विजयादशमीका दिन घरका ज्येष्ठ सदस्य तथा मान्यजनले परिवारका सदस्यलाई टीका र जमरा लगाइदिँदै सुख, शान्ति, समृद्धि, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्छन् । जमरालाई उर्वरता, जीवन र समृद्धिको प्रतीकका रूपमा लिने गरिन्छ। टीका ग्रहण गर्नु केवल धार्मिक कर्मकाण्ड मात्र नभई परिवारका सदस्यबीच प्रेम, सम्मान र आत्मीयता प्रकट गर्ने माध्यम पनि हो ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले भरिपूर्ण देश हो । चाडपर्वमध्ये विजयादशमी नेपाली समाजको एक प्रमुख सांस्कृतिक तथा धार्मिक पर्व हो। असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र अधर्ममाथि धर्मको विजयको प्रतीकका रूपमा यो पर्व मनाइन्छ। विजयादशमीको अवसरमा लगाइने रातो टीका, जमरा र मान्यजनबाट प्राप्त आशीर्वादले यस पर्वलाई अझ विशेष बनाएका छन्। दसैंको टीका लगाउने परम्पराको महत्वका साथ निरन्तर चलिरहेको छ ।

विजयादशमीको सम्बन्ध हिन्दू धार्मिक मान्यताअनुसार देवी दुर्गाले महिषासुर नामक असुरमाथि विजय प्राप्त गरेको प्रसङ्गसँग जोडिएको छ। त्यसैगरी भगवान् रामले रावणमाथि विजय प्राप्त गरेको कथासँग पनि दसैंको महत्त्व जोडिन्छ। यी धार्मिक कथाहरूले सत्य, साहस, न्याय र सकारात्मक शक्तिको विजयको सन्देश दिन्छन् ।

दसैंमा टीका लगाउने चलनको उत्पत्ति कहिले र कसरी भयो भन्ने विषयमा एउटै निश्चित ऐतिहासिक प्रमाण उपलब्ध छैन । तथापि, नेपालमा पुस्तौँदेखि चलिआएको यो परम्परा धार्मिक आस्था, पारिवारिक संस्कार र सामाजिक सम्बन्धसँग गहिरो रूपमा जोडिएको छ । रातो टीका, जमरा, अक्षता र दक्षिणासहित मान्यजनबाट आशीर्वाद ग्रहण गर्ने प्रचलन नेपाली संस्कृतिको विशिष्ट पहिचान बनेको छ ।

विशेषगरी रोजगारी, अध्ययन तथा विभिन्न कारणले घरपरिवारबाट टाढा रहेका व्यक्तिहरू दसैंमा घर फर्कने र आफन्तसँग भेटघाट गर्ने अवसर पाउँछन् । यसले टाढिएका सम्बन्धलाई नजिक ल्याउन र पारिवारिक एकता बलियो बनाउन सहयोग पुर्याउँछ ।

समय परिवर्तनसँगै टीका लगाउने तरिका र उत्सव मनाउने शैलीमा पनि परिवर्तन आएको छ। कतिपय मानिसले विदेश वा टाढाको स्थानबाट भिडियो कलमार्फत आफन्तको आशीर्वाद ग्रहण गर्छन् । यसले प्रविधिको प्रयोगबाट पनि सांस्कृतिक सम्बन्धलाई निरन्तरता दिन सकिन्छ भन्ने देखाउँछ। परम्पराको नाममा कसैलाई जबर्जस्ती टीका लगाउन बाध्य पार्नु, आर्थिक हैसियतका आधारमा भेदभाव गर्नु वा अनावश्यक खर्च बढाउनु उचित हुँदैन । जात, धर्म, वर्ग र विचारभन्दा माथि उठेर आपसी सम्मान र सद्भाव कायम गर्नु नै यस पर्वको वास्तविक सन्देश हो ।

विजयादशमीको टीका परम्परा नेपाली समाजको ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदा हो। यो परम्परा आज पनि निरन्तर चलिरहेको छ र यसले पुस्तौँबीचको सम्बन्धलाई जोडिरहेको छ। हामीले यसको मौलिकता जोगाउँदै आधुनिक सोच, सामाजिक समानता र मानवीय संवेदनालाई समेत आत्मसात् गर्नुपर्छ ।

# कोप ३१ः आन्तरिक तयारी तीव्र, राष्ट्रिय स्थितिपत्र अन्तिमचरणमा

प्रगति ढकाल

नेपालले आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीएको अन्टाल्यामा हुन गइरहेको संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-३१)को मिति नजिकिँदै गर्दा आन्तरिक तयारीलाई पनि तीव्र बनाएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले राष्ट्रिय स्थितिपत्र अन्तिम चरणमा रहेको र सरोकारवाला निकायबीचको छलफललाई तीव्र रूपमा अगाडि बढाएको जनाएको छ ।

मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव डा महेश्वर ढकालले जलवायु न्याय, जलवायु वित्तमा सहज पहुँचका लागि कूटनीतिक पहललाई बलियो बनाउने गरी आवश्यक छलफल भइरहेको जानकारी दिनुभयो ।

"दसैंको समयमा पनि हामी खाली नबसी नेपालको स्थितिपत्रको मस्यौदा तयार भई सरोकारवालाको सुझाव संकलन गरिरहेका छौँ । कसरी नेपालको स्थितिपत्रलाई कसिलो बनाउन सकिन्छ भनेर लागिरहेका छौं," उहाँले भन्नुभयो, "हामीले अहिले आन्तरिक तयारीमा कुनै पनि कसर बाँकी नराख्ने गरी काम गरिरहेका छौँ । नेपालको स्थितिपत्र अर्को साता सार्वजनिक गर्ने तयारी छ ।"

सहसचिव डा ढकालका अनुसार नेपालले अन्तरराष्ट्रिय जलवायु बित्तमा सहज पहुँच स्थापित गर्न आवश्यक तयारी र प्रक्रियाको सम्बन्धमा सरोकारवाला निकायबाट सुझाव आइरहेको कुरा सो क्रममा जानकारी दिनुभयो ।

### बलियो राजनीतिक प्रतिनिधित्व आवश्यक

उहाँले कोप-३१ मा आम्रो देश नेपालको प्राथमिकता प्रभावकारी रूपमा प्रस्तुत गर्न उच्चस्तरीय राजनीतिक प्रतिनिधित्व आवश्यक रहेको बताउनुभएको छ ।

उहाँले प्राविधिक वार्तासँगै मन्त्रीस्तरीय सहभागिताले नेपालको आवाजलाई थप बलियो बनाउन सक्ने बताउनुभयो ।

"सम्मेलनको पहिलो साता प्राविधिक तथा विषयगत वार्ता हुन्छ भने दोस्रो साता प्रायः मन्त्रीस्तरीय बैठकमार्फत प्राविधिक टोलीले तयार पारेका दस्तावेजलाई अनुमोदन गर्ने प्रक्रिया अघि बढ्छ," सहसचिव डा ढकालले भन्नुभयो, "दोस्रो सातामा जलवायु वित्त, अनुकूलनलगायत विभिन्न विषयमा मन्त्रीस्तरीय बैठक हुने भएकाले ती बैठकमा नेपालको राजनीतिक नेतृत्वको सहभागिता महत्त्वपूर्ण हुन्छ । कर्मचारी र प्राविधिकहरू जति नै विज्ञ भएपनि राजनीतिक तहबाट विषय उठाउँदा त्यसको सुनुवाई बलियो र फराकिलो हुन्छ भन्ने कुरा हामीले महसुस गर्नुपर्छ ।"

कोप-३१ मा सङ्घ प्रदेश र स्थानीय तहका साथै सङ्घीय संसद्का प्रतिनिधिको सहभागिताबारे स्पष्ट खाका आवश्यक रहेको उहाँले बताउनुभयो । स्रोतसाधनको अभाव र सम्मेलनमा सहभागी हुन इच्छुक प्रतिनिधिको सङ्ख्या धेरै हुँदा व्यवस्थापन चुनौतीपूर्ण बनेको उहाँको भनाइ छ ।

सहसचिव डा ढकालले भोटेकोशी क्षेत्रमा भएको विपद्पछि नेपालका जलवायुजन्य जोखिम र प्राथमिकताले अन्तरराष्ट्रियस्तरमा थप ध्यान पाएको बताउनुभयो । उक्त विषयबाट प्राप्त अन्तरराष्ट्रिय चासोलाई कोप-३१ मा नेपालको पक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्न उपयोग गरिने उहाँको भनाइ छ ।

### पर्वतीय र जलवायु बित्तको विषयलाई प्राथमिकता दिन सुझाव

राष्ट्रिय प्रकृति संरक्षण कोषको जलवायु परिवर्तन विभागका प्रमुख निर्देशक डा मनिषराज कोप-३१ मा नेपालले पर्वतीय मुद्दा, जलवायुजन्य क्षति तथा नोक्सानी र अनुकूलनका लागि वित्तीय सहयोगलाई प्राथमिकताका साथ उठाउनुपर्ने सुझाव दिनुभयो ।

सम्मेलनमा नेपालको कूटनीतिक पहललाई अझै बलियो बनाउनुपर्ने उहाँको सुझाव रहेको छ ।

"पर्वतीय क्षेत्रका विशिष्ट जलवायु जोखिमलाई अनुकूलन तथा जलवायु वित्तसम्बन्धी निर्णयमा स्पष्ट रूपमा समेट्नुपर्छ," निर्देशक डा पाण्डेले भन्नुभयो, "हिमतालको निगरानी, हिमाली क्षेत्रमा उत्पन्न विपद्बाट प्रभावित तल्लो तटीय समुदायको सुरक्षा तथा जोखिम न्यूनीकरणका विषयलाई अन्तराष्ट्रिय जलवायु वार्तामा प्राथमिकता दिनुपर्छ ।"

उहाँले जलवायुजन्य क्षति तथा नोक्सानी सम्बोधन गर्न पर्याप्त वित्तीय स्रोत जुटाउनुपर्ने, प्रभावित समुदायसम्म सहयोग छिटो पुर्याउने व्यवस्था गर्नुपर्ने र आर्थिकबाहेकका सामाजिक, सांस्कृतिक तथा अन्य गैरआर्थिक क्षतिको मान्यता सुनिश्चित गर्नुपर्ने बताउनुभयो । यस्तो सहयोग ऋणमा नभई अनुदानमा आधारित हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

अनुकूलन कोषबाट प्राप्त रकमको सदुपयोगका लागि स्थानीय तह तथा समुदायलाई सक्षम बनाउनुपर्ने डा पाण्डेले बताउनुभयो। कम विकसित तथा पर्वतीय मुलुकका राष्ट्रिय निकायले जलवायु वित्तमा पहुँच प्राप्त गर्दा अपनाउनुपर्ने प्रक्रिया सरल, छिटो र आवश्यकताअनुसारको बनाउनुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

### जलवायुक्षेत्रमा लगानी बढाउन दबाब दिनुपर्ने

जलवायुविज्ञ राजु पण्डित क्षेत्रीले विश्व समुदायको लगानी युद्ध तथा व्यापारतर्फ केन्द्रित भइरहँदा जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनका लागि आवश्यक लगानी हुन नसकेको भन्दै आगामी कोपमा धनि मुलुकलाई जलवायुमा लगानी बढाउन दबाब दिनुपर्ने सुझाव दिनुभयो ।

"जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा तापक्रम बढिरहेको छ । जलवायुको असर न्यूनीकरणका लागि अन्तरराष्ट्रिय समन्वय पर्याप्त छैन् । जलवायुजन्य घटनाको स्वरूप परिवर्तन भइरहेको छ तर अन्तरराष्ट्रिय समुदाय यसप्रति पर्याप्त जवाफदेही हुन सकेको छैन," उहाँले भन्नुभयो ।

कोप-३१मा भर्खरै नेपालले भोटेकोशी बाढीलगायत पछिल्ला जलवायुजन्य विपद्बाट भएको क्षतिलाई नेपालले अन्तरराष्ट्रिय समुदायसमक्ष स्पष्ट रूपमा राख्नुपर्ने क्षेत्रीको सुझाव छ ।

"कोप-३१ मा नेपालले भोगेको जलवायुजन्य घटना र त्यसबाट परेको समस्यालाई अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्नुपर्छ । क्षतिका लागि वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउन दबाब सिर्जना गर्नुपर्छ," विज्ञ क्षेत्रीले भन्नुभयो । नेपालले जलवायु परिवर्तनको जोखिम न्यूनीकरणसँगै जलवायुजन्य विपद्बाट भएको हानि तथा नोक्सानीको मूल्याङ्कन, अभिलेखीकरण र अन्तराष्ट्रियस्तरमा त्यसको दाबी प्रस्तुत गर्ने प्रणाली लाई पनि प्रभावकारी बनाउनुपर्ने उहाँको सुझाव छ ।

उहाँले नेपालले जलवायु परिवर्तनका कारण भएको क्षतिको विषयलाई आगामी कोपमा सशक्त रूपमा उठाउनुपर्ने बताउनुभयो ।

### जलवायुजन्य जोखिमको विषय अन्तराष्ट्रियकरण हुने

यस पटकको कोपको सहभागितालाई भोटेकोशी बाढी र जलवायुजन्य जोखिमको विषय अन्तरराष्ट्रिय मञ्चमा पुर्याउने महत्वपूर्ण अवसरका रूपमा लिनुपर्ने बताउनुहुन्छ जलवायुविद् मञ्जित ढकाल ।

नेपालले अन्तरराष्ट्रिय समुदायबाट प्राप्त भइरहेको सहयोग, सद्भाव र सकारात्मक दृष्टिकोणलाई कायम राख्दै सबै पक्षसँग सहकार्य गरेर विपद्बाट पुनःस्थापना र पुनःनिर्माणतर्फ अघि बढ्न उहाँको सुझाव छ ।

"नेपालले आफूले पनि कार्बन उत्सर्जन घटाउने प्रतिबद्धता कार्यान्वयन गर्दै विकसित मुलुकलाई उत्सर्जन घटाउन तथा जलवायु वित्त उपलब्ध गराउन अन्तराष्ट्रियस्तरमा दबाब सिर्जना गर्नुपर्छ," उहाँले भन्नुभयो, "जलवायु परिवर्तन अबका दिनमा वातावरणीय विषयमा मात्र सीमित नभई हिमाली क्षेत्रको अर्थतन्त्र, पूर्वाधार, जनजीविका र विकाससँग प्रत्यक्ष जोडिएको विषय बनेकाले नेपालले वैज्ञानिक प्रमाण, कूटनीति पहल र अन्तरराष्ट्रिय सहकार्यलाई एकीकृत गर्दै अघि बढ्नुपर्छ ।"

सम्मेलनमा नेपालले आफ्ना पर्वतीय क्षेत्रका जोखिम, जलवायु अनुकूलनका आवश्यकता तथा जलवायुजन्य क्षति लगायतको सम्बोधनका विषयलाई प्रभावकारी रूपमा उठाउने तयारी गरिरहेको छ।

# नेता गौतमको निधनप्रति अध्यक्ष ओलीको श्रद्धाञ्जली

काठमाडौं। नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पार्टीका पूर्वकेन्द्रीय सल्लाहकार परिषद् सदस्य बाबुराम गौतमको निधनप्रति दुःख व्यक्त गरेको छ ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले बिहीबार (हिजो)जारी गर्नुभएको शोक वक्तव्यमा लुम्बिनी प्रदेशसभाका पूर्वसदस्य समेत रहनुभएका गौतमको निधनले पार्टीलाई मर्माहत बनाएको उल्लेख गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ । गौतमलाई सङ्घर्षशील, सादगी, सरल, इमानदार र राजनीतिक निष्ठाप्रति प्रतिबद्ध नेताका रूपमा स्मरण गर्दै अध्यक्ष ओलीले उहाँको निधनबाट पार्टीले एक निष्ठावान् अभिभावक तथा देशले राजनीतिक एवं सामाजिक क्षेत्रका सच्चा जनसेवक गुमाएको उल्लेख गर्नुभयो। विसं २००२ मा गुल्मीको थोर्गामा जन्मनुभएका गौतमले विसं २०२३ मा बनारसमा कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलालबाट पार्टी सदस्यता प्राप्त गरी राजनीतिक यात्रा प्रारम्भ गर्नुभएको थियो ।

सो क्रममा उहाँले बाँके र नेपालगञ्जलाई आफ्नो कर्मथलो बनाएर कम्युनिष्ट आन्दोलनलाई सशक्त बनाउन महत्वपूर्ण योगदान पुर्याउनुभएको थियो ।

**विज्ञापन कारोबार व्यवस्थित गरौं**

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, झुटा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

**जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।**

नेपाल सरकार,
विज्ञापन वोर्ड

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## बडादसैँको टीका आज पनि लगाइँदै

❑ प्रत्यूष समाचारदाता

काठमाडौँ । विजया दशमीको टीकाको दोस्रो दिन आज एकादशी का दिन पनि टीका र जमरा लगाए दसैं मनाइँदैछ ।

बिहीबार पनि नवदुर्गाको प्रसादका रूपमा मान्यजनका हातबाट शुभ साइतको प्रतीक रातो टीका र समृद्धिको प्रतीक जमरा लगाएर बडादसैं मनाइएको छ ।

बुधबार बडादसैँको मुख्य दिन अर्थात् बिजया दशमी हो भने आज एकादशी हो । त्यसैले हिजो टीका थाप्न नभ्याएकाहरुले आज पनि आफन्त तथा मान्यजन हरुकामा पुगेर बिजया दशमीको टीका थापिरहेका छन् । बुधबार घरैमा टीका लगाएका कतिपय सर्व-साधारण बिहीबार काठमाडौँ बाहिर रहेका आफन्त र मान्यजनकहाँ गइरहेका छन् । काठमाडौँबाट लामो तथा छोटो दूरीका सवारीसाधन फाट्टफुट्ट सञ्चालन भइरहेकाले कतिपय नागरिक आफन्त र मान्यजनहरुकहाँ टीका थाप्नका लागि बाहिरिएका हुन् । त्यस्तै मानिसहरु बाहिरबाट पनि काठमाडौँ आइरहेका छन् ।

बडादसैँको टीकाको मुख्य दिन बुधबार भएपनि कोजाग्रत पूर्णिमासम्म नै मान्यजनबाट दुर्गाको प्रसादका रूपमा टीका र जमरा लगाउने प्रचलन रही आएको छ । त्यसैले आज पनि बडादसैँको टीका लगाउने र लगाइदिने एवम् आशीर्वाद लिने दिने क्रम जारी नै रहेकाले काठमाडौँमा चहलपहल केही बढेको देखिएको छ ।

## पुनः निर्माणमा बजेटको कमी हुँदैन

म्याग्दी । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले मनसुनजन्य विपद्बाट क्षतिग्रस्त कालीगण्डकी कोरिडोरको बिहीबार स्थलगत निरीक्षण गर्नुभएको छ ।

गुल्मी, बागलुड, पर्वत, म्याग्दी हुदै मुस्ताङको सिमानामा रहेको रुप्से झरनासम्म पुग्नुभएका मन्त्री लम्सालले कालीगण्डकी बाढीबाट प्रभावित मालढुङ्गा पुल, पर्वतको फर्से, म्याग्दीको बेनी खानेपानी योजना, सिंगा तातोपानी कुण्ड र बेनी-दरवाङ-ढोरपाटन सडक अन्र्तगत फापरखेतको पहिरोको पनि निरीक्षण गर्नुभएको हो ।

निरीक्षणपछि रुस्मेमा सडक विभाग, कालीगण्डकी कोरिडोर योजनाका अधिकारी र म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेलगायत सुरक्षा अधिकारीहरुसंग मन्त्री लम्सालले विपद्पछिको पुनःनिर्माणमा बजेटको कमी हुन नदिने बताउनुभयो ।

“कालीगण्डकी, भोटेकोशी र बुढीगण्डकीको बाढी, पहिरो लगायत विपद्बाट क्षति पुगेको देशभरका भौतिक संरचनाको पुनःनिर्माणलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ, बजेटको अभाव हुँदैन,” मन्त्री लम्सालले भन्नुभयो “जति सक्दो छिटो सर्वेक्षण र लागत अनुमानको काम सकेर बजेट माग गर्नुहोस, पुनःनिर्माणमा ढिलाई हुन नदिन सरकार सचेत छ।” पुनःनिर्माणका लागि आवश्यक पर्ने नदीजन्य स्रोतको व्यवस्थापनमा सहजीकरण गर्नका लागि स्थानीय प्रशासनलाई मन्त्री लम्सालले निर्देशन दिनुभयो । उहाँलाई कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले बाढी पहिरोका कारण करिब ९० करोड रुपैयाँ बराबरको क्षति पुगेको र पुनः निर्माणका लागि करिब चार अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको जानकारी गराउनुभएको थियो ।

मन्त्री लम्साललाई बेनी खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष रमेश गिरी र उपाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले आयोजना पुनःनिर्माणका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिदिन अनुरोध गर्नुभएको थियो । यसैगरी बेनी नगरपालिका-४ सिंगा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काले बाढीका कारण क्षतिग्रस्त कुण्डको पुनर्निर्माणका लागि बजेट माग गर्नुभयो ।

खानेपानी र तातोपानी कुण्डका प्रतिनिधीलाई मन्त्री लम्सालले व्यवस्थित योजना बनाएर बजेटका लागि पेस गर्न आग्रह गर्नुभयो । मध्यपहाडी लोकमार्गको बैकल्पिक मानिएको बेनी-दरवाड-मुना-ढोरपाटन सडकको मुख्य चुनौती बनेको फापरखेत पहिरोमा यातायात सञ्चालनमा देखिएको असहजतालाई समाधान गर्न सरकारको ध्यानाकर्षण भएको बताउनुभयो ।

म्याग्दीका बाढी पहिरो प्रभावित क्षेत्रको निरीक्षणपछि मन्त्री लम्सालको टोली मध्यपहाडी लोकमार्गको निरीक्षणमा बागलुड जानुभएको प्रमुख जिल्ला अधिकारी गैरेले बताउनुभयो ।

## पूर्वराष्ट्रपति भण्डारी चीन प्रस्थान

काठमाडौँ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी बिहीबार चीन प्रस्थान गर्नुभएको छ । चीनको हुपवे प्रदेशको स्योडआनमा आयोजना हुन लागेको ‘ग्लोबल गभर्नेन्स् फोरम’मा सहभागी हुनका लागि उहाँ बिहीबार त्यसतर्फ प्रस्थान गर्नुभएको हो ।

परिवर्तनशील विश्वमा विश्वास र सहकार्यको पुनर्निर्माण ‘थिम’ रहेको उक्त ग्लोबल गभर्नेन्स सम्मेलन यही अक्टोबर २३ देखि २५ सम्म आयोजना हुदैँछ । सो सम्मेलनलाई पूर्वराष्ट्रपति भण्डारीले विशिष्ट अतिथिका रूपमा सम्बोधन गर्नुहुने कार्यक्रम रहेको उहाँको सचिवालयले जनाएको छ ।

उक्त सम्मेलनअन्तर्गत अक्टोबर २४ र २५ मा विभिन्न विषयमा समानान्तर सत्र, प्यानल छलफल र गोलमेच बैठक पनि आयोजना गरिएको छ । फोरममा अन्तराष्ट्रिय सम्बन्धमा विकासशील मुलुकको बढ्दो भूमिका तथा अन्तरराष्ट्रिय व्यापारमा ‘ग्लोबल साउथ’का मुलुकको भूमिकाका विषयमा छलफल हुनेछ ।

## सामाजिक सञ्जालबाटै करोडौँ आम्दानी

अर्घाखाँची । सामाजिक सञ्जाललाई लिएर समाजमा एउटा धारणा अझै बलियो छ, ‘मोबाइलमा झुण्डिने युवा बिग्रिन्छन् ।’ फेसबुक, टिकटक र युट्युबले युवाको समय खेर फाल्छन्, पढाइ बिगार्छन् र उहाँहरूलाई वास्तविक जीवनबाट टाढा लैजान्छन् भन्ने भाष्य पनि उत्तिकै सुनिन्छ । तर यही सामाजिक सञ्जाल कसैका लागि समय कटाउने माध्यम मात्र होइन, सीप, पहिचान, रोजगारी र आम्दानीको बलियो आधार बन्न सक्छ भन्ने उदाहरण बनेका छन् अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-२ घोचेखोला का युवा नेत्रप्रसाद भुसाल ।

भुसाल बिहीबार केवल सामाजिक सञ्जालमा चर्चित अनुहार होइनन् । युट्युब, फेसबुक र टिकटकलाई आफ्नो कर्मथलो बनाएका उहाँले यही माध्यमबाट राम्रो आम्दानीसँगै देश-विदेशमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन् । टिकटकमा उहाँलाई चिन्ने ‘टिकटक स्टार नेत्र भुसाल’ भनेर चिनाउँछन् । युट्युबमा उहाँका लाखौँ ‘सब्सक्राइबर’ छन् भने फेसबुकमा दुई लाख ५० हजारभन्दा बढी फलोअर रहेको बताउनुहुन्छ । टिकटकमा भने करिब २० लाख ‘फलोअर’ छन् । सामाजिक सञ्जालमा बनाएको यही ठूलो दर्शक सञ्जाल अहिले उहाँको आर्थिक सफलताको आधार बनेको छ ।

किशोरावस्थामै बाबुको निधन भएपछि उहाँको परिवारमा आर्थिक सङ्कट थपियो । बाबुको मृत्यु भएपछि घरको जिम्मेवारी र भविष्यको चिन्ताले नेत्रलाई पनि छोयो । पढाइ कसरी अघि बढाउने ? भाइबहिनीको शिक्षालाई कसरी निरन्तरता दिने ? परिवारको आर्थिक अवस्था कसरी सुधार्ने ? यस्ता प्रश्न उहाँका अगाडि उभिए तर समस्याले उहाँलाई रोक्न सकेन ।

एसइई दिएपछि पाएको करिब तीन महिनाको समयलाई सदुपयोग गर्दै उहाँले युट्युब च्यानल सुरु गर्नुभयो । अरूले मनोरञ्जनका रूपमा प्रयोग गरिरहेको इन्टरनेट र सामाजिक सञ्जाललाई उहाँले सम्भावनाको रूपमा हेर्न थाल्नुभयो । ‘सामाजिक सञ्जालबाट पनि आम्दानी गर्न सकिन्छ’ भन्ने कुरा बुझेपछि उहाँ त्यसतर्फ अझै गम्भीर भएर लाग्नुभयो ।

सामाजिक सञ्जालमा नेत्रको यात्रा टिकटकबाट मात्र सुरु भएको होइन । उहाँ सुरुमा युट्युबमा टेकसम्बन्धी सामग्री र ब्लगिङ गर्न थाल्नुभयो । युट्युबका विभिन्न क्रियटरबाट प्रभावित भएर उहाँले टेक र ब्लगिङ च्यानल सुरु गरेको बताउनुहुन्छ । सुरुआती दिनमा दर्शक कम थिए, मिहेनत अनुसारको परिणाम पनि तत्काल देखिएन तर पनि उहाँले निरन्तरता दिन छाड्नुभएन । युट्युब च्यानल ‘मनिटाइज’ भएपछि पहिलोपटक आम्दानी हात पर्दा आफू निकै खुसी भएको उहाँ सम्झनुहुन्छ । त्यसपछि सामाजिक सञ्जाललाई केवल रुचिको विषय नभई व्यावसायिक सम्भावनाको क्षेत्रका रूपमा बुझ्न थाल्नुभयो । फेसबुकमा पनि सक्रियता बढाउनुभयो । त्यसपछि टिकटकमा प्रवेश गर्नुभयो । छोटा भिडियो, लाइभ स्ट्रिमिङ र दर्शकसँगको प्रत्यक्ष संवादले उहाँको लोकप्रियता विस्तारै बढाउँदै लग्यो । सन् २०१९ बाट उहाँले टिकटकमा नियमित लाइभ बस्न थाल्नुभयो । सुरुमा प्रयोगका रूपमा सुरु भएको लाइभ स्ट्रिमिङपछि उहाँको आम्दानीको महत्वपूर्ण माध्यम बन्यो । टिकटक लाइभमा दर्शकले पठाउने डिजिटल गिफ्ट नै आफ्नो मुख्य आम्दानीको स्रोत रहेको नेत्र बताउनुहुन्छ ।

उहाँका अनुसार अहिले मासिक रूपमा करिब पाँचदेखि छ लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ । अहिलेसम्म सामाजिक सञ्जालबाट करिब सात करोड रुपैयाँको हाराहारीमा आम्दानी गरेको उहाँको दाबी छ । “लाइभमा बसेर दर्शकसँग जोडिन्छु । दर्शकले दिने गिफ्ट नै मेरो मुख्य आम्दानीको स्रोत हो,” उहाँ भन्नुहुन्छ, “सामाजिक सञ्जाललाई सही ढङ्गले प्रयोग गर्न सक्ने हो भने यसबाट राम्रो आम्दानी गर्न सकिन्छ ।” दैनिक बिहान ६ बजेदेखि ८ बजेसम्म र बेलुका ६ बजेदेखि ८ बजेसम्म गरी करिब चार घण्टा उहाँ टिकटक लाइभमा बस्ने गर्नुहुन्छ । नियमित लाइभ होस्टिङका कारण उहाँ टिकटकको लोकप्रिय ‘लाइभ होस्ट’का रूपमा स्थापित हुनुभएको छ ।

कुनै समय परिवारको आर्थिक अवस्था कसरी सुधार गर्ने भन्ने चिन्तामा रहेका नेत्र अहिले आफ्नै कमाइबाट भौतिक रूपमा पनि स्थापित हुनुभएको छ । सन्धिखर्कमा आकर्षक डिजाइनको घर निर्माण गरेका उहाँले आवतजावतका लागि गाडीसमेत किन्नुभएको छ । केही महिनाअघि काठमाडौँको बुढानीलकण्ठमा करिब चार करोड रुपैयाँमा घर खरिद गरेको पनि उहाँ बताउनुहुन्छ तर उहाँ आफ्नो सफलतालाई घर, गाडी र पैसामा मात्र सीमित गर्न चाहनुहुन्न ।

उहाँका लागि सामाजिक सञ्जालले आर्थिक आम्दानीसँगै नाम, सम्मान र पहिचान पनि दिएको छ । “सोसल मिडियाले पैसा मात्र दिएको छैन, इज्जत, सम्मान र नाम पनि दिएको छ,” उहाँ भन्नुहुन्छ, “देश तथा विदेशमा करोडौँ दर्शकसँग जोडिन पाएको छु । त्यसैले यसलाई अझै निरन्तरता दिनेछु । नेत्रले सामाजिक सञ्जालबाट प्राप्त आम्दानीलाई व्यक्तिगत जीवनमा मात्र प्रयोग गर्नुभएको छैन, विभिन्न सामाजिक तथा मानवीय काममा सहयोग गर्दै आउनु भएको छ । दीनदुःखी, बिरामी तथा समस्यामा परेका व्यक्तिलाई सहयोग गर्दै आउनु भएका उहाँले हालै भोटेकोशी क्षेत्रमा आएको बाढीबाट प्रभावित परिवारका लागि करिब १३ लाख रुपैयाँ बराबरको राहत सामग्री सहयोग गर्नुभएको थियो । सामाजिक सञ्जालबाट कमाएको पैसाको केही हिस्सा सामाजिक सेवामा लगाउन पाउँदा आफूलाई थप सन्तुष्टि मिल्ने बताउनुहुन्छ । नेत्रको परिचय टिकटक लाइभ होस्टमा मात्र सीमित छैन, उहाँले विभिन्न गीतका म्युजिक भिडियोमा अभिनय गर्नुभएको छ ।

युट्युबबाट सुरु भएको उहाँको डिजिटल यात्रा अहिले विभिन्न सामाजिक सञ्जालका फरक-फरक प्लेटफर्म सम्म फैलिएको छ । युट्युबमा ब्लगिङ र टेक सामग्री, फेसबुकमा विभिन्न सामग्री तथा टिकटकमा छोटा भिडियो र लाइभमार्फत उहाँले फरक-फरक दर्शकसँग सम्बन्ध स्थापित गर्नुभएको छ । यसले उहाँलाई एउटा प्लेटफर्ममा निर्भर नभई डिजिटल दुनियाँका विभिन्न माध्यममा स्थापित हुन सहयोग गरेको छ ।

सामाजिक सञ्जालको दुरुपयोगले समस्या निम्त्याउन सक्छ तर त्यसैलाई सिर्जनात्मक र व्यावसायिक रूपमा प्रयोग गर्ने हो भने यही माध्यम अवसरको ढोका बन्न सक्छ भन्ने नेत्रको जीवनले देखाएको छ । उहाँको सफलताले सामाजिक सञ्जाललाई लिएर समाजमा रहेको नकारात्मक बुझाइलाई एउटा प्रश्नसमेत गरेको छ, दोष सामाजिक सञ्जालमा हो कि त्यसको प्रयोग गर्ने तरिकामा ?

नेत्रको अनुभवमा अहिले सामाजिक सञ्जाललाई समय बिताउने साधनका रूपमा मात्र होइन, सिक्ने, सिर्जना गर्ने, दर्शकसँग जोडिने र आम्दानी गर्ने माध्यमका रूपमा प्रयोग गर्न सकिन्छ । आज उहाँको मोबाइलको स्क्रिनमा देखिने लाखौँ दर्शक केवल संख्या होइनन् । ती दर्शक उहाँको वर्षौंको मिहेनत, निरन्तरता र डिजिटल यात्राका साक्षी हुन् । अर्घाखाँचीको एउटा सामान्य परिवारबाट डिजिटल दुनियाँमा उदाएका नेत्र भुसालको कथा अहिलेका युवाका लागि एउटा सन्देश पनि हो, सामाजिक सञ्जालमा कति समय बिताइयो भन्नेभन्दा त्यसलाई कसरी प्रयोग गरियो भन्ने कुराले भविष्य निर्धारण गर्न सक्छ । मोबाइलको स्क्रिनमा औँला चलाएर सुरु भएको उहाँको यात्रा आज घर, गाडी, करोडौँको आम्दानी र सामाजिक पहिचानसम्म पुगेको छ । त्यसैले सामाजिक सञ्जाल युवालाई बिगार्ने माध्यम मात्र हो भन्ने भाष्यका बीच नेत्रको कथा एउटा फरक उदाहरण बनेको छ, सही सोच, निरन्तर मेहनत र सिर्जनात्मक प्रयोग भयो भने सामाजिक सञ्जाल पनि भविष्य निर्माण गर्ने माध्यम बन्न सक्छ ।

## हानिनोक्सानी कोषबाट नेपाललाई तीन अर्ब अनुदान

काठमाडौँ । जलवायु परिवर्तनका कारण भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित समुदायको राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि हानिनोक्सानी कोषले नेपाललाई २० मिलियन अमेरिकी डलर (करिब तीन अर्ब रुपैयाँ) अनुदान उपलब्ध गराउने निर्णय गरेको छ ।

कोषको बिहीबार बसेको विशेष बैठकले नेपाललाई उक्त अनुदान उपलब्ध गराउने निर्णय गरेको कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सहसचिव एवम् जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकालका अनुसार बाढीबाट भएको मानवीय तथा आर्थिक क्षतिलाई सम्बोधन गर्न नेपाल सरकारले गत अगस्ट ३१ मा कोषको बोर्डसमक्ष सहयोगका लागि अनुरोध गरेको थियो ।

कोषका लागि नेपालको राष्ट्रिय सम्पर्क अधिकृत तथा वैकल्पिक बोर्ड सदस्यसमेत रहनुभएका ढकालले नेपालको अनुरोधलाई अघि बढाउन विकसित तथा विकासशील राष्ट्रका रूपमा प्रतिनिधित्व गर्ने बोर्ड सदस्यहरूबीच विभिन्न चरणमा छलफल तथा समन्वय गरिएको समेत जानकारी दिनुभयो ।

उहाँका अनुसार कोषको निर्णयअनुसार नेपालले भोटेकोशी क्षेत्रको बाढीबाट प्रभावित समुदाय लाई लक्षित गरी छुट्टै आयोजना प्रस्ताव तयार गरी पेस गर्नुपर्नेछ । कोषको प्रचलित कार्यविधिअनुसार प्रस्ताव स्वीकृत भएपछि प्रभावित समुदायका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न समेत सकिनेछ ।

मन्त्रालयका अनुसार गत भदौ १० गते भोटेकोशी र त्रिशुली नदीमा आएको बाढीबाट करिब १५ हजार घरपरिवारका ६० हजारभन्दा बढी व्यक्ति प्रत्यक्ष प्रभावित भएका छन् । प्रारम्भिक विवरणअनुसार उक्त विपद्मा करिब एक हजार ५०० जनाले ज्यान गुमाएका तथा पाँच हजारभन्दा बढी व्यक्ति बेपत्ता भएका छन् ।

अहिलेको बाढीबाट भएको प्रारम्भिक आर्थिक क्षति दुई अर्ब ७० करोड अमेरिकी डलर बराबर रहेको र पुनर्निर्माणका लागि चार अर्ब ७० करोड अमेरिकी डलर आवश्यक पर्ने अनुमान गरिएको मन्त्रालयले जनाएको छ ।



जलवायु परिवर्तनका कारण बढी जोखिममा रहेका विकासशील राष्ट्रलाई विपद्बाट भएको क्षति सम्बोधन गर्न कोषले गरेको निर्णय महत्वपूर्ण रहेको मन्त्रालयले जनाएको छ । यसले जलवायु न्यायको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## निःशुल्क बस सेवाबाट तीन हजारभन्दा बढी यात्रु लाभान्वित

काठमाडौं । बडादसैंका अवसरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले काठमाडौं उपत्यकामा सञ्चालन गरेका निःशुल्क बस सेवाबाट तीन हजार ५८५ जना नागरिक लाभान्वित भएका छन् ।

दसैंका बेला सार्वजनिक सवारीसाधनको अभाव र यात्रुको चापलाई ध्यानमा राख्दै दुवै सुरक्षा निकायले सञ्चालन गरेका निःशुल्क बस सेवाले सर्वसाधारणलाई आवतजावतमा सहजता प्रदान गरेको छ ।

नेपाल प्रहरीले सञ्चालन गरेको निःशुल्क बस सेवाबाट एक हजार ४०६ जना नागरिक लाभ लिएका नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरीका प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेका अनुसार यही कात्तिक ३ गते महानवमी र कात्तिक ४ गते विजयादशमीका दिन उपत्यकामा तीन वटा बस निःशुल्क सञ्चालन गरिएका थिए । महानवमीका दिन ५१० जना र विजयादशमीका दिन ८९६ जना नागरिकले उक्त सेवा लिएका थिए ।

यसैगरी, सशस्त्र प्रहरी बल नेपालले सञ्चालन गरेको निःशुल्क बस सेवाबाट बुधबारसम्म दुई हजार १७९ जना सर्वसाधारण लाभान्वित भएका छन् । सशस्त्र प्रहरीले गत सोमबारदेखि दुई वटा बसमार्फत सञ्चालन गरेको सेवा भोलि शुक्रबारसम्म जारी रहने जनाएको छ ।

सशस्त्र प्रहरीका सहायक प्रवक्ता एवं सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाका अनुसार सोमबार ४५० जना, मङ्गलबार ६१६ जना र बुधबार अर्थात् विजया दशमीका दिन एक हजार ११३ जना नागरिकले निःशुल्क बस सेवा लिएका थिए । सहायक प्रवक्ता थापाले सोमबारदेखि सुरु भएको निःशुल्क बस सेवा शुक्रबारसम्म सञ्चालन हुने जानकारी दिँदै बिहीबार (हिजो) पनि सेवा जारी रहेको बताउनुभयो । दसैंका समयमा टीका थाप्न जाने यात्रुलाई बिनाशुल्क सहज र सुरक्षित रूपमा गन्तव्यसम्म पुर्‍याउने उद्देश्यले केही वर्षदेखि सञ्चालन हुँदै आएको दुई प्रहरी सङ्गठनको निःशुल्क बस सेवाबाट नागरिक लाभान्वित भएको र सार्वजनिक यातायातका सवारी साधनले मनपरी भाडा असुल्नेक्रम रोकिएको आम सर्व-साधारणको भनाइ छ ।

## पाकिस्तानका हुसेनले तलतले कर्णाली 'याक्स'बाट एनपिएल खेल्ने

काठमाडौं । पाकिस्तानका 'अल राउन्डर' हुसेन तलतले नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करण कर्णाली 'याक्स'बाट खेल्ने भएका छन् । कर्णालीले ३० वर्षीय तलतलाई बिहीबार (हिजो) मात्रै विदेशी खेलाडीका रूपमा टोलीमा भित्र्याएको हो ।

"पाकिस्तानका अल राउन्डर हुसेन तलत अब आधिकारिक रूपमा कर्णाली याक्सका सदस्य बनेका छन्," कर्णालीले आफ्नो सामाजिक सञ्जालमा लेखेको छ । हुसेनले पाकिस्तानको राष्ट्रिय टोलीबाट एकदिवसीय अन्तरराष्ट्रिय र टी-२० अन्तरराष्ट्रिय क्रिकेट खेलिसकेका छन् । उनले १२ एकदिवसीय खेलमा २२४ रन तथा २३ टी-२० अन्त राष्ट्रिय खेलमा ४४१ रन जोडेका छन् । टी-२० अन्तरराष्ट्रियमा उनको नाममा सात विकेट पनि छ । घरेलु तथा विभिन्न 'फ्रेन्चाइज' प्रतियोगितामा नियमित खेल्दै आएका तलतसँग टी-२० क्रिकेटमा राम्रो अनुभव छ । अलराउन्डर तलतले अहिलेसम्म २०४ खेलबाट तीन हजार ९५० रन बनाएका छन् ।

हुसेनले पाकिस्तान सुपर लिग (पिएसएल), बङ्गलादेश प्रिमियर लिग (बिपिएल) लगायत प्रतिष्ठित व्यावसायिक लिग खेलिसकेका छन् । अब उनी नेपाल प्रिमियर लिग (एनपिएल) मा पनि जोडिँदै छन् ।

एनपिएलको तेस्रो संस्करण यही कात्तिक ९ गतेदेखि काठमाडौंमा आयोजना हुँदैछ ।

## सवारी दुर्घटनामा पाँचको मृत्यु, ३१३ घाइते

काठमाडौं । पछिल्लो २४ घण्टामा देशका विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौं, सुनसरी, मकवानपुर, मोरङ र तनहुँमा भएका सडक दुर्घटनामा ३१३ जना घाइते भएका छन् ।

काठमाडौंको टेकुस्थित अम्बे कम्प्लेक्स नजिकै त्रिपुरेश्वरबाट कालीमाटीतर्फ जाँदै गरेको बा। प्र ०२-०६३ प ९०९६ नम्बरको मोटरसाइकलको ठक्करबाट भारतीय नागरिक ४५ वर्षीय परमानन्द बैठाको मृत्यु भएको छ ।

दुर्घटनामा घाइते भएका उनको उपचारका क्रममा त्रिवि शिक्षण अस्पताल, महाराजगन्जमा मृत्यु भएको हो । सुनसरीको इटहरी उपमहानगर पालिका-४ हलगडा स्थित कोशी लोकमार्गमा को २७ प २०३६ नम्बरको मोटरसाइकलाई प्र १-०२-००१ ब ९९८५ नम्बरको बसले ठक्कर दिँदा मोटरसाइकल चालक इटहरी-८ का ६२ वर्षीय छत्रबहादुर भण्डारीको मृत्यु भएको छ । यस्तै, मकवानपुरको बकैया गाउँपालिका-५ श्रीपुरमा बा प ०८-००१ ह ०१०५ नंको अटो 'ब्रेक फेल' भई दुर्घटना हुँदा ४५ वर्षीय सन्तबहादुर माझीको मृत्यु भएको छ । मोरङको लेटाङ नगरपालिका-५ डिल्लेचोकस्थित भित्री सडकमा प्र १-०१-२४५ प ६३८० नम्बरको मोटरसाइकलले सोही ठाउँका ७० वर्षीय बलबहादुर विकलाई ठक्कर दिँदा निजको मृत्यु भएको प्रहरीले जनाएको छ ।

पृथ्वीराजमार्ग हुँदै तनहुँको डुम्रेबाट दमौलीतर्फ गइरहेको बा १८ च ४५८७ नम्बरको गाडीले व्यास नगरपालिका-१ अम्रेनी भन्ने स्थानमा ठक्कर दिँदा ४० वर्षीय एक पुरुषको मृत्यु भएको छ । निजको पहिचान नखुलेको प्रहरीले जनाएको छ ।

## मल्लकालीन युद्धको झल्को दिने जात्रा सम्पन्न

भक्तपुर । विजयादशमीको भोलीपल्ट बिहीबार पापांकुश एकादशीको दिन मध्यपुरथिमिमा मल्लकालीन युद्धको झल्को दिने खाँ पिहाँवइगु (खाँ निस्कने) जात्रा सम्पन्न भएको छ ।

तत्कालीन राजदरबारको रूपमा रहेको लायकु दरबारस्थित तलेजु भवानीको चो छेँबाट खड्ग, तरबार, ढाल, युद्धकवजलगायत मल्लकालीन युद्धमा प्रयोग हुने हातहतियार बोकेर युद्ध कला प्रदर्शन गर्दै उक्त जात्रा सम्पन्न गरिएको संस्कृतिकर्मी एवं जात्राका पमा नाइके श्यामकाजी पमा श्रेष्ठले जानकारी दिनुभयो ।

दरबारसँग सम्बन्धित फरक समुदायलाई सहभागी गराइने खाँ पिहाँवइगु जात्रामा गुठीयारले सेतो जामा लगाई खड्ग, ढाल, भाला, तरबारलगायतमा युद्धमा प्रयोग हुने हतियार हातमा बोकेर नगरका विभिन्न टोलमा युद्ध गरे जस्तै गरी तत्कालीन समयको युद्धकला प्रदर्शन गरिएको छ । लायकु दरबारबाट निकालिने यो जात्रालाई थहनेया टोल (माथिल्लो टोल)को रूपमा इनाएटोल, दुईपोखरी हुँदै दिगु भैरवसम्म र कोहनेया टोल (तल्लो टोल)को रूपमा दथुटोल हुँदै बाल कुमारी सम्म प्रदर्शन गरिएको थियो । जात्रामा दसैंको नवमीमा तलेजु भवानीलाई चढाइएको बलि र कोतभित्र अवस्थित देवता र दरबारको राजदण्ड लिएर नगर परिक्रमा गराइएको पमा नाइके श्रेष्ठले बताउनुभयो ।

विशेष गरी यो जात्रामा नायः पःमां (तत्कालीन दरबारका प्रशासक, श्रेष्ठ थरका), कर्माचार्य, जोशी, कुटु, प्याथः (प्रजापति), खड्गी समुदायको प्रत्यक्ष संलग्नता रहने गर्दछ । जात्रामा महानवमीको राति तलेजुमा महिषासुर राक्षसको प्रतिकका रूपमा बलि दिइएको खःम्येको (राँगाको) टाउकोको समेत प्रदर्शनी गरी असत्य माथि सत्यको जित र अधर्ममाथि धर्मको जित भएको खुसीयालीमा महिषासुर दैत्यको छेदन गरिएको शिर र खुसीयालीमा युद्ध कला प्रदर्शन गर्दै नगर परिक्रमा गरिएको उहाँले बताउनुभयो ।

उक्त जात्राका अवसरमा बालकुमारी कालो ढुङ्गाको प्वालमा राखेर पमा नाइके श्रेष्ठले भुइफर्सी (कुभिन्डो) मार हानेर बलि दिइन्छ । बलि दिइएको कुभिन्डो प्रसादको रूपमा लिए रोगबाट बच्न सकिने जनविश्वास रहेकाले कुभिण्डो लिनेको भीड लाग्ने गर्दछ ।

जात्राको अन्तिममा भुइफर्सी (मार हान्ने) भएकाले यसलाई भुइफर्सी पालेगु जात्रा पनि भन्ने गरिएको स्थानीयले अर्जुन श्रेष्ठले जानकारी दिनुभयो । जात्रा अवलोकनका लागि स्थानीयवासीदेखि विभिन्न ठाउँबाट आएकाहरुको ठूलो भीड लागेको थियो ।

## विश्व पोलियो दिवसका अवसरमा काठमाडौंमा 'मेगा पोलियो साइकल र्‍याली' हुने

काठमाडौं । विश्व पोलियो दिवसका अवसरमा पोलियो उन्मूलनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही कात्तिक ७ गते काठमाडौं उपत्यकामा 'मेगा पोलियो साइकल र्‍याली' आयोजना हुने भएको छ ।

रोटरी इन्टरनेसनल नेपाल भूटान डिष्टिक ३२९२ को आयोजनामा हुने सो र्‍याली भक्तपुर दरबार स्क्वायरबाट सुरु भई काठमाडौं दरबार स्क्वायर, पसुपतिनाथ, बौद्ध, स्वम्भूनाथ हुँदै पाटन दरबार स्क्वायरमा पुगेर समापन हुने 'पोलियो प्लस' उपसमितिका अध्यक्ष रोटरियन बिनिता हाडाद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

आयोजक का अनुसार उपत्यकाको सात ऐतिहासिक तथा सांस्कृतिक सम्पदालाई जोड्ने उक्त र्‍याली पोलियो उन्मूलनसम्बन्धी जनचेतना अभिवृद्धि गर्न केन्द्रित हुने छ । यसैगरी, साइकल र्‍यालीमार्फत 'इन्ड पोलियो' अर्थात् पोलियोविरुद्धको खोपको महत्व, जनस्वास्थ्यसम्बन्धी चेतना तथा पोलियो उन्मूलनका लागि निरन्तर सामुहिक प्रतिबद्धताको सन्देश आमजनसमुदायमा पुर्‍याउने लक्ष्य लिइएको छ ।

एक प्रकारको पोलियो भाइरसबाट मानिसको पेटको आन्द्रा हुँदै स्नायुप्रणालीलाई असर पुर्‍याउने, मुख तथा अनुहारमा सङ्क्रमण हुने, मांसपेशी कमजोर हुँदै 'प्यारालाइसिस' को जोखिम हुने यो रोग उन्मूलनका लागि पाँच वर्षमुनिका बाल-बालिकालाई खोप लगाउन जोड दिइएको छ ।

सरकारले ग्रामीण महिला स्वास्थ्यकर्मी परिचालन गरी देशभरका बालबालिकालाई निःशुल्क पोलियो खोपको व्यवस्था गर्दै आएको छ ।

## रैथाने बाली फापर भित्र्याइदै

मुस्ताङ । हिमाली जिल्ला मुस्ताङमा किसानलाई अहिले रैथाने खाद्य बाली 'फापर' भित्र्याउने चटारो छ ।

असारमा खेतबारीमा छरेको फापर बाली असोज/कात्तिकमा मुस्ताङी किसानले घरमा भित्र्याउने गर्छन् । हिमाली तथा उच्च पहाडी जिल्लामा उत्पादन हुने फापर यहाँको वर्षौदेखि अपनाउँदै आइरहेको प्रसिद्ध रैथाने खाद्य बालीमध्येको एक हो ।

समुन्द्री सतहको दुई हजारदेखि पाँच हजार मिटरको अग्लो उचाइको खेती योग्य जमिनमा फापर खेती गर्ने गरिएको छ ।

हिमाली जिल्ला मुस्ताङमा उवा, जौ, मकै, आलु, बोडीलगायत खाद्य बालीसहित फापर बाली पनि मुख्य 'ब्रान्ड' बनेको छ ।

अन्य खेतीको तुलनामा फापर खेती कम झन्झटिलो भएपनि मुस्ताङका किसानले व्यावसायिक रूपमा मात्रै नभइ घरायसी प्रयोजन र देश-विदेशमा बस्ने आफन्त/ इष्टमित्रलाई कोशेली रूपमा दिन फापर खेती गर्ने प्रचलन रहेको छ । मङ्सिरमा लगाइएको उवा र जौ थन्क्याएपछि मुस्ताङका किसानले फापर छर्ने प्रचलन रहेको घरपफोक्-५ ठिनी गाउँका किसान सविता थकालीले जानकारी दिनुभयो ।

यसरी छरिएको फापर असोजको अन्तिम साताँदेखि कात्तिकको दोस्रो सातासम्म भित्र्याउने गरिन्छ । मुस्ताङको मुख्य उत्पादनको रूपमा रहेको रैथाने फापर खेती मुस्ताङको पाँचवटै स्थानीय तहमा उत्पादन हुने गर्छ । मुस्ताङको थासाङ-१ टुकुचेदेखि माथि लोमान्थाङको सीमावर्ती गाउँसम्म व्यवसायिक तथा घरायसी प्रयोजनका लागि फापर खेती गर्न् गरिएको छ । घरपफोक्-५ ठिनी गाउँका स्थानीय किसान अमित थकालीकाअनुसार वर्सेनि उत्पादन गरिएको फापर घरायसी खर्चमा चाहिने छुट्याएर केही मात्रामा बिक्री गर्ने गरेको बताउनुभयो । खेतबारीमा छरेको फापर १०० दिनमा पाकेर घरमा भित्र्याउने गरिन्छ । यसैगरी स्याउ बगैंचाभित्रको खाली जमिनमा



फापर खेती गर्ने गरेको उहाँको भनाइ छ । सडक सञ्जालले नजोडिदा मुस्ताङमा उत्पादित कृषिजन्य वस्तुको बजारीकरणमा निकै समस्या पर्ने गरेकामा पछिल्लो समय सडक सञ्जालले जोडिएपछि फापर लगायतका रैथाने खाद्य अन्नबाली सहज रूपमा बिक्री हुन थालेको उहाँले उल्लेख गर्नुभयो ।

फापरको पिठो ढिडो र रोटीलगायतका विभिन्न परिकार बनाएर खाने प्रचलन छ । मुस्ताङमा आउने पर्यटक फापरको ढिडो र रोटी मुख्य आकर्षण बन्न थालेको छ । विशेष स्थानीय चाडपर्वमा फापरको पिठो प्रयोग गरिन्छ । हिमाली तथा उच्च पहाडी क्षेत्रमा उत्पादन हुने फापरको पिठो हिजोआज सहर/ बजारको भान्साघर र होटलमा मुख्य परिकारको रूपमा ग्राहकलाई पस्किने गरेको पाइन्छ ।

## एशियाली चेसमा सहभागी हुने नेपाली टोली भारत प्रस्थान

काठमाडौं । भारतको गुजरातस्थित अहमदाबादमा यही अक्टोबर २२ देखि ३१ तारिखसम्म आयोजना हुने पश्चिम एसियाली युवा चेस च्याम्पियनसिप २०२६ मा सहभागी हुन त्यसतर्फ प्रस्थान गरेका छन् ।

नेपाल बुद्धिचाल महासङ्घका प्रवक्ता राजु ताम्राकारले बिहीबार बिहान त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा १८ जनाको खेल टोलीलाई बिदाइ गर्नुभएको हो ।

नेपाल बुद्धिचाल महासङ्घले केन्द्रीय सदस्य नीता सैंजुको नेतृत्वमा विभिन्न उमेर समूहका ११ खेलाडी, पाँच जना अभिभावक र निर्णायक गरी १८ सदस्यीय नेपाली टोली सहभागी भएका छन् ।

प्रतियोगितामा नेपाली खेलाडी छात्रतर्फ युवा ८ सुनव ओझा, युवा १० शुभाङ्ग प्रधान, युवा १२ अग्रिम सैंजु, युवा १४ आयुष भण्डारी र प्रबिर केसीले प्रतिस्पर्धा गर्नेछन् । यसैगरी छात्रातर्फ युवा १० अग्रता आचार्य, युवा १२ निहाना श्रेष्ठ, युवा १४ उज्जिवनी कँडेल, युवा १६ नेलिसा ओझाले प्रतिस्पर्धा गर्नेछन् । नेपाली टोलीमा अभिभावक भावना अमात्य, सरस्वती पौडेल, सिन्दिरा जोशी, बन्दना खड्का र नबिना कुटुवाल तथा प्रबिश प्रजापति निर्णायकको भूमिकामा रहनेछन् ।

पश्चिम एसियाली युवा चेस च्याम्पियनसिप नेपाली युवा खेलाडीका लागि अन्तरराष्ट्रियस्तरमा आफ्नो प्रतिभा प्रदर्शन गर्ने तथा क्षेत्रीय प्रतिस्पर्धाबाट अनुभव हासिल गर्ने अवसरका रूपमा रहेको प्रवक्ता ताम्राकारले बताउनुभयो ।

## विद्युत् चुहावट हुँदा हलेसीमा दुई घर जलेर नष्ट

खोटाङ । विद्युत् फल्ट (चुहावट) हुँदा हलेसी तुवाचुङ नगरपालिका-६ मङ्गलटारमा दुई घर जलेर नष्ट भएको छ । बिहीबार गएराति करिब नौं बजे मङ्गलटारका स्थानीयवासी कृष्णकुमार राईको घरमा जडान गरिएको विद्युत् फल्ट हुँदा उहाँका दुईवटा घर जलेर नष्ट भएको हो ।

वैदेशिक रोजगारीको सिलसिलामा संयुक्त अधिराज्यमा रहनुभएका कृष्णकुमारका श्रीमती तारा र कान्छा छोरामात्र बस्दै आएको उक्त घरमा बिहीबार गएराति आगलागी भएको स्थानीयले बताएका छन् । जस्तापाताको छाना तथा ढुङ्गा/माटोले बनेको दुइतले घरमा विद्युत्को फल्ट भएर आगलागी भएको प्रहरीको प्रारम्भिक अनुमान । जनप्रतिनिधि, स्थानीयवासी र प्रहरी टोलीले आगलागी नियन्त्रणमा लिएको जेठा छोरा रम्बोहाङ राईले जानकारी दिनुभयो ।

उक्त आगलागीबाट कृष्ण कुमारको दुईवटा घर तथा घरभित्र रहेको नगद रु २० हजार, लत्ताकपडा, भाँडावर्तन, खाद्यन्न, महत्वपूर्ण कागजातलगायत जलेर नष्ट भएको जनाइएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com